नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

# अनुगमन तथा मूल्याङ्कन शाखा

सिंहदरवार, काठमाण्डौ

## मन्त्रालय तथा मातहतबाट संचालित मुख्य मुख्य कार्यक्रमको २०६७ साल आषाढ मसान्त सम्मको समग्र प्रगति विवरण

| क्र.सं. | सम्पादित प्रमुख कार्यहरू | चालु आ.व.को हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|
| १ | नागरिक राहत,क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यबिधि २०६६ ले व्यवस्था गरे अनुसारको राहत तथा आर्थिक सहायता बितरण । | १९५२ जना मृतकका परिवारलाई रु. १९ करोड ५२ लाख राहत रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत निकासा भाएको । | |
| | | ७८२ जनालाई संपत्तिक्षति बापत आर्थिक सहायता प्रदान गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत रु. ४ करोड २६ लाख ९९ हजार रकम निकासा गराएको । | |
| | | ११९ जना अपहरणमा परेका र १७० जना बेपत्ता भएका नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत रु. १ करोड ९९ लाख ७५ हजार रकम उपलब्ध गराएको । | |
| | | द्वन्द्वका क्रममा अपाङ्गता भएका ११५७ जना व्यक्तिलाई रु. ६ करोड ३१ लाख ५६ हजार आर्थिक सहायता प्रदान गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रकम निकासा भएको । | |
| | | २६ जना शहीद परिवारलाई रु. १९ लाख ५० हजार जीवन निर्वाह भत्ता सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत उपलब्ध गराएको । | |
| | | जनआन्दोलनका घाइते २३ जनालाई जीवन निर्वाह भत्ता वापत रु. ६ लाख ७४ हजार सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत उपलब्ध गराएको । | |
| | | जनआन्दोलनका घाइतेका सन्तति २५ जनालाई छात्रवृति रु. ५ लाख ५ हजार रकम उपलब्ध गराएको | |
| | | द्वन्द्वको कारण बिधवा भएका सर्बसाधारणका ३६६८ जना बिधवाहरुलाई जनही रु. २५ हजारको दरले रु. ९ करोड १७ लाख बिधवा भत्ता बितरणको लागि जिबिस मार्फत निकासा भएको । | |
| २ | शिविरमा रहेका माओवादी सेनाका लडाकुहरूको भरणपोषण र मासिक भत्ता वितरण । | - भरणपोषण रु. ५६ करोड ५० लाख ५ हजार ५३२ वितरण भएको । | कुल रु.१ अर्ब ७३ करोड ८२ लाख ३ हजार २७२ खर्च भएको । |
| | | - मासिक भत्ता रु. १ अर्ब १७ करोड ३१ लाख ९७ हजार ७४० रुपैंया वितरण भएको । | |
| ३ | द्वन्द्व व्यवस्थापन, वार्ता, सहमति कार्यान्वयन | अनमिनको प्रमाणिकरणबाट योग्य नठहरिएका लडाकुहरुलाई सिन्धुली स्थित दोस्रो शिविरबाट वहिर्गमन कार्य शुरु गरी मिति २०६६।१०।२५ गतेसम्म ४००८ लडाकुहरु मध्ये २३९४ जनाले वहिर्गमन प्रक्रियामा भाग लिएका । बाँकी लडाकुले स्वेच्छाले शिविर छाडेकोले दुबै प्रकारको सँख्या गणना गर्दा कुल ४००८ जना पूरै बर्हिगमन हुन गई शतप्रतिशत प्रगति भएको । | |
| | | – विगतमा सहमति कायम भएका द्वन्द्वरत समूहहरु मध्ये ११ वटा समूहहरूसंगको सहमति कार्यान्वयन स्थितिको समीक्षा भएको ।<br>– विगतमा भएको सहमति/समझदारीको कार्यान्वयन स्थितिको अनुगमन गर्न गठित समितिको बैठक बसी संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चासंग भएको सम्झौताको अनुगमन भएको ।<br>– तराई/मधेश आन्दोलनमा सहादत प्राप्त भएकाहरुलाई शहीद घोषणा गर्न नेपाल सरकार (मं.प.) द्वारा मा.शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यूको अध्यक्षतामा गठित ७ सदस्यीय समितिको बैठक बसी सो समितिको सिफारिसमा मन्त्रीपरिषदको निर्णयबाट २८ जनालाई शहिद घोषणा गरी सो आन्दोलनमा शहीद घोषणा हुनेको सँख्या ५२ पुगेको ।<br>– अखिल तराइ मुक्ति मोर्चासँग वार्ता भई मिति २०६७।१।२४ मा ७ बुँदे सहमति हुनुका साथै सो समूहले सरकारलाई हतियार समेत हस्तान्तरण गरेको ।<br>– १६ स्थानको बारुदी सुरुङ नष्ट गर्ने काम सम्पन्न भएको । | |

| क्र.सं. | सम्पादित प्रमुख कार्यहरू | चालु आ.व.को हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|
| | | – शान्ति सम्बन्धी नीति ,रणनीति र कार्ययोजना बनाउने काम सम्पन्न भएको । <br> – हाल सम्म भएका सहमति र सम्झौताको अभिलेखबद्ध गरी प्रकाशन गर्ने काम सम्पन्न भएको <br> – सशस्त्र द्वन्द्वकालमा सशस्त्र द्वन्द्वमा परी मृत्यू भएका १६२६ जनालाई म. प. को निर्णयानुसार शहीद घोषणा गरिएको । | |
| ४ | पुनर्निर्माण | यस मन्त्रालय अन्तरगतको द्वोन्द्वोत्तर पुर्निर्माण परियोजना , डोलीडार, शहरी बिकास तथा भवन निर्माण बिभाग र बिभिन्न जिबिसहरुबाट कुल १३५७ वटा पुनर्निर्माणका आयोजनाहरु संचालन भई यस बर्ष ७७२ वटा आयोजनाहरु सम्पन्न गर्ने लक्ष रहेकोमा ५६६ वटा आयोजनाहरु सम्पन्न भएका छन । साथै ६८८ वटा पुनर्निर्माणका आयोजनाहरु क्रमागत रुपमा निर्माणाधिन रहेका छन । | |
| ५ | उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग | - उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी कानून निर्माणको लागि विधेयक व्यवस्थापिका संसदमा पेश भएको । | |
| ६ | वेपत्ता पारिएकाहरूको खोजी गर्ने आयोग | - बेपत्ता पारिएकाहरुको खोजी गर्ने आयोग सम्बन्धी विधेयक व्यवस्थापिका संसदमा पेश भएको । | |
| ७ | स्थानीय शान्ति समिति | – हालसम्म ६८ जिल्लामा जिल्लास्तरीय स्थानीय शान्ति समिति गठन भएको । <br> – ७३ जिल्ला र ५ वटै क्षेत्रको सहभागिता हुने गरी स्थानीय शान्ति समितिका संयोजक, महिला सदस्य र सचिवहरुको क्षेत्रीय स्तरमा गोष्ठी सम्पन्न भएको । <br> – कार्यक्रमको आधारमा रु. ६ लाख सम्मको दरले ५८ जिल्लाका स्थानीय शान्ति समितिहरुको कार्यक्रम स्वीकृत गरी पठाइएको । <br> – न.पा.स्तरीय शान्ति समिति ६ जिल्लामा र गाबिस स्तरीय शान्ति समिति ५९० गाबिस मा गठन भएको । <br> – स्थानीय शान्ति समितिका सचिवहरुलाई ७ दिनको Peace and management को आधारभूत तालिम दिएको । | |
| ८ | शान्ति तथा पुननिर्माण सम्बन्धी रेडियो तथा नाटक कार्यक्रम | – शान्ति तथा पुनर्निर्माण सम्बन्धी २ वटा साप्ताहिक रेडियो कार्यक्रम रेडियो नेपालबाट र २ वटा साप्ताहिक टेलिभिजन कार्यक्रम नेपाल टेलिभिजनबाट नियमित रुपमा संचालन गरिएको । <br> – मुलुकका ३१ वटा एफ एम रेडियोसंग समावेसी सञ्चार अभियान अन्तर्गत कार्यक्रम सम्झौता सम्पन्न भई कार्यक्रम सञ्चालन गरिएको । <br> – शान्तिका लागि सडक अभियान यात्रा नाटक २०६६ सञ्चालनमा गरिएको । | |
| ९ | क्षमता विकास | – चार वटा बैदेशिक अध्ययन/अवलोकन भ्रमण सम्पन्न भएको <br> – परियोजना प्रस्ताव लेखन तथा प्रतिवेदन लेखन, मानवाधिकार सम्बन्धी, कम्प्यूटर सम्बन्धी र सेवाकालिन तालिम सम्पन्न भएको । <br> – मन्त्रालयको संगठन तथा ब्यबस्थापन सर्बेक्षण सम्पन्न भई सवीकृत संगठन संरचना कार्यान्वयनमा आएको | |
| १० | शान्ति कोष | – बिस्तृत शान्ति सम्झौता कार्यान्वयन गर्ने सन्दर्भमा नेकपा माओबादी सेनाका लडाकूहरु रहेका शिबिर ब्यबस्थापनको कार्य निरन्तर भैरहेको , संबिधान निर्माणको सम्बन्धमा जनमत संकलन गर्न संबिधानसभा सचिवालयलाई सहयोग एवं बारुदी सुरुङ लगायतका कार्यक्रम समेत संचालन भै बिभिन्न १० वटा निकायहरुको लागि रु. ४ अर्ब ५२ करोड ४९ लाख ८० हजार रकम विनियोजन भएकोमा ३ अर्ब ५२ करोड ९ लाख ७० हजार रकम निकासा भएको । | |
| ११ | अन्तरराष्ट्रिय शान्ति दिवस | – सेप्टेम्वर २१ का दिन अन्तरराष्ट्रिय शान्ति दिवस मनाउने सन्दर्भमा यसमन्त्रालयले कविता प्रतियोगिता, शान्ति र्‍याली तथा शान्ति सम्वन्धि प्रवचन कार्यक्रम गरी शान्ति दिवस मनाएको र देशव्यापी रुपमा मनाउन ७५ वटै जिल्ला प्रशासन कार्यालय मार्फत उक्त दिन शान्ति र्‍यालीको आयोजना गर्नुको साथै रेडियो नेपालबाट शान्ति सम्वन्धि लोक दोहोरी गीत प्रतियोगिताको आयोजनागरेको | |

नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

सिहदरबार, काठमाण्डौ

(अनुगमन तथा मूल्यांकन शाखा)

पं. सं.०६७०६८ अनुगमन ।

च.नं. ७५

अत्यन्त जरुरी

मिति : २०६७८।१४

**<u>बिषय : समग्र बार्षिक प्रगति तथा बजेटमा उल्लिखित ६ बूँदाको प्रगति बिबरण पठाएको</u> ।**

श्री अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा , सिंहदरबार काठमाण्डौ ।
(email : admindivision@mof.gov.np)
**<u>बिशेष ध्यानाकर्षण शाखा अधिकृत श्री राजेन्द्रकुमार हमाल ।</u>**

प्रस्तुत बिषयमा तहाँको च.नं. ५६ मिति २०६७८।७ को पत्रानुसार माग भएको यस मन्त्रालय अन्तरगतको २०६७ आषाढ मसान्त सम्मको समग्र बार्षिक प्रगति बिबरण पाना दुई तथा गत बर्षको बजेटमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित "६" वटा बूँदाको बार्षिक प्रगति बिबरण पाना दुई अलग अलग रुपमा यसै पत्र साथ राखी पठाईएको ब्यहोरा आदेशानुसार सादर अनुरोध गर्दछु । तहाँको पत्रमा उल्लिखित ईमेल ठेगानामा पनि प्रस्तुत पत्र पठाईएको ब्यहोरा प्रसंगबश अनुरोध गर्दछु ।

**<u>नोट :पत्रको पेटबोलीको प्रकरण नं ३ मुताबिकको सूचक यस मन्त्रालयको हकमा कायम नरहेको ।</u>**

(प्रेमप्रसाद संजेल)
उपसचिव

<u>बोधार्थ तथा कार्यार्थ</u>
श्री स्थानीय पूर्वाधार विकास तथा कृषिसडक विभाग **(DOLIDAR)**,जावलाखेल ललितपुर : एक प्रति प्रगति बिबरण संलग्न छ ।
श्री शहरी विकास तथा भवन निर्माण विभाग, ववरमहल काठमाण्डौ : एक प्रति प्रगति बिबरण संलग्न छ ।
श्री शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय, सिंहदरवार, काठमाण्डौ : एक प्रति प्रगति बिबरण संलग्न छ ।
श्री द्वन्द व्यवस्थापन महाशाखा,
श्री प्रशासन, योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा,
श्री पूर्वाधार पुनर्निर्माण महाशाखा
श्री राहत तथा पुनस्थापन महाशाखा,
श्री कानून तथा सञ्चार महाशाखा,
श्री शान्ति संयन्त्र समन्वय महाशाखा,
श्री शान्ति कोष सचिवालय,
नेपाल औषधी लिमिटेडको कार्यालय भवन, बबरमहल काठमाण्डौ : एक प्रति प्रगति बिबरण संलग्न छ ।
श्री राहत तथा पुनर्स्थापन ईकाई बबरमहल काठमाण्डौ : एक प्रति प्रगति बिबरण संलग्न छ ।
श्री द्वन्द प्रभाबित ब्यक्ति,परिवार तथा संरचनाको लगत संकलन कार्यदल ,बबरमहल काठमाण्डौ : एक प्रति प्रगति बिबरण संलग्न छ ।